नगरसभाबाट पारित निति : २०७४/०९/२६
प्रमाणिकरण मिति : २०७४ /१०/०२

# चाँगुनारायण नगरपालिकाको शिक्षा ऐन, २०७४

प्रस्तावना :

नगरपालिका क्षेत्रमा संचालनमा रहेका र आगामी दिनमा संचालनमा आउने विद्यालयको व्यवस्थापनलाई प्रभावकारी बनाउदै, शिक्षाका माध्यमबाट नगरपालिकामा बसोबास गर्ने नागरिकको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न साथै व्यवसायिक र प्राविधिक शिक्षाको माध्यमबाट दक्ष, प्रतिस्पर्धी र गूणस्तरीय जनशक्ती तयार गर्ने उद्देश्यले नगरपालिका भित्रको शिक्षाको गुणस्तरमा एकरुपता कायम गर्न प्रारम्भिक बाल शिक्षा, आधारभूत शिक्षा तथा माध्यामिक शिक्षा संचालन र व्यवस्थापन गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरि चाँगुनारायण नगरपालिकाको दोस्रो नगरसभाले यो ऐन बनाएको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "चाँगुनारायण नगरपालिकाको शिक्षा ऐन, २०७४" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले चाँगुनारायण नगरपालिकाको शिक्षा ऐन २०७४ सम्झनु पर्दछ।

(ख) "नगरपालिका" भन्नाले चाँगुनारायण नगरपालिका सम्झनु पर्दछ।

(ग) "प्रमुख" भन्नाले चाँगुनारायण नगरपालिकाका प्रमुख सम्झनु पर्दछ।

(घ) "उप-प्रमुख" भन्नाले चाँगुनारायण नगरपालिकाका उप-प्रमुख सम्झनु पर्दछ।

(ङ) "कार्यपालिका" भन्नाले चाँगुनारायण नगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ।

(च)"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चाँगुनारायण नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(छ) "प्रारम्भिक बाल शिक्षा" भन्नाले आधारभूत तह प्रवेशपूर्वको बालविकास तथा बालशिक्षालाई सम्झनु पर्दछ।

(ज) “आधारभूत तह” भन्नाले  कक्षा ८ सम्मको शिक्षालाई सम्झनु पर्दछ ।

(झ) “माध्यामिक तह” भन्नाले  कक्षा ९ देखि कक्षा १२ सम्मको शिक्षालाई सम्झनु पर्दछ ।

(ञ) “आधारभूत विद्यालय” भन्नाले  दफा २ (ज) बमोजिम शिक्षा दिइने विद्यालयलाई सम्झनु पर्दछ ।

(ट) “माध्यामिक विद्यालय” भन्नाले  दफा २ (झ)  बमोजिम शिक्षा दिइने विद्यालयलाई सम्झनु पर्दछ ।

(ठ) “वडा” भन्नाले चाँगुनारायण नगरपालिकाको वडा कार्यालय सम्झनु पर्दछ ।

(ड) “सभा” भन्नाले चाँगुनारायण नगरपालिकाको नगरसभा सम्झनु पर्दछ ।

(ढ) “शिक्षा अधिकृत” भन्नाले चाँगुनारायण नगरपालिकाका शिक्षा शाखा प्रमुखलाई सम्झनु पर्दछ ।

(ण) “निरीक्षक” भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको अधिकारी सम्झनु पर्दछ ।

(त) “समिति” भन्नाले चाँगुनारायण नगरपालिकाको नगर शिक्षा समिति सम्झनु पर्दछ ।

(थ) “व्यवस्थापन समिति” भन्नाले विद्यालय व्यवस्थापन समिति सम्झनु पर्दछ ।

(द) “विशेष शिक्षा” भन्नाले फरक क्षमता (सुस्त मनस्थिति,श्रवण शक्ति नभएका वा कमजोर भएका,दृष्टि विहीन, बौद्धिक वा शारीरिक रुपले अशक्त) बालबालिकालाई दिइने विशेष शिक्षा सम्झनु पर्दछ ।

(ध) “आधारभूत शिक्षा उत्तिर्ण परीक्षा” भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झनु पर्दछ ।

(न) “तोकिए बमोजिम” भन्नाले यस ऐनको अधिनमा रही बनेका नियम, निर्देशिका र कार्यविधि भन्ने सम्झनु पर्दछ

## परिच्छेद-२

## विद्यालय खोल्ने अनुमति तथा स्वीकृति सम्बन्धमा

३. विद्यालय खोल्न अनुमति लिनुपर्ने : (१) कुनै नेपाली नागरिकले प्रारम्भीक बाल शिक्षा केन्द्र, आधारभूत विद्यालय, माध्यमिक विद्यालय र प्राविधिक तथा व्यवसायिक विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित नगर प्रमुख समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ तर नगरपालिकासँग समन्वय गरी खुला विद्यालय, विशेष शिक्षा संचालन गर्ने विद्यालय वा संस्था तथा अन्य अनौपचारिक शिक्षाका कार्यक्रमहरु संचालन गर्न वाधा पुऱ्याएको मानिने छैन ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा नगर प्रमुखले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको सर्तहरु पालना गर्ने गरी नगरपालिकाले अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको सर्त बन्देज पालन गरेको देखिएमा नगरसभाले स्वीकृति प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न नगरपालिका को शिक्षा शाखा समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा शिक्षा शाखा प्रमुखले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्ने छ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा नगरपालिकाले माग बमोजिम विद्यालय सञ्चालन गर्न स्वीकृति दिनेछ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन :-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(७) शैक्षिक गुठी अर्न्तरगत विद्यालय संचालन सम्बन्धमा उपदफा ४ मा जुनसुकै कुरा उल्लेख भएतापनि शैक्षिक गुठी अर्न्तरगत विद्यालय संचालन गर्दा देहाए वमोजिम गर्नुपर्नेछ ।

(क) शैक्षिक गुठी संचालन संगठित रुपमा हुनुपर्नेछ ।

(ख) शैक्षिक गुठी संचालन गर्दा संचालक बोर्डमा सार्वजनीक गुठी भए कम्तीमा ७ जना र निजि गुठी भए कम्तीमा ३ जना सदस्य हुनुपर्नेछ ।

(ग) शैक्षिक गुठीका संचालकले आफ्नो जीवनकालमा वा शेषपछि गुठीयारको रुपमा कामगर्ने उत्तराधिकारी तोक्न सक्नेछ ।

(घ) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए वमोजिम खडागरी दर्तावाला लेखापरिक्षणबाट लेखा परिक्षण गराउनु पर्नेछ ।

(८) यस ऐन बमोजिम सम्बन्धित निकायवाट विद्यालय सञ्चालन अनुमति नलिई विद्यालय सञ्चालन गर्न पाइने छैन । संञ्चालन गरेको पाइएमा तोकिए वमोजिमको दण्ड जरिवाना हुनेछ ।

(९) ऐन तथा नियमावलीमा उल्लेखित विधि, प्रक्रिया बमोजिम बाहेक विद्यालय सञ्चालन अनुमति दिइने छैन ।

(१०) नगरपालिकाले प्राविधिक तथा व्यवसायिक शिक्षा तथा तालिम प्रदान गर्ने विद्यालय, कलेज, वृहतर पुस्तकालय तथा शैक्षिक सामाग्री प्रदर्शनी केन्द्र स्थापना तथा संचालन गर्न सक्नेछ । सो संचालन गर्न नगरपालिकाले छुटै कार्यविधि वनाई लागू गर्नेछ ।

४. **विद्यालय गाभ्ने, बन्द गर्ने र स्तर वृद्धि गर्ने : (१)**नगरपालिकाभित्र सञ्चालित विद्यालयहरु गाभ्न तथा बन्द गर्नको लागि तोकिए बमोजिम हुनेछ ।

(२) ऐनको अधिनमा रही तोकिए बमोजिमका मापदण्डहरु पूरा भएमा विद्यालयहरुलाई कक्षा/तह थप गर्न अनुमति दिन सकिनेछ ।

## परिच्छेद-३
## विद्यालयको प्रकार तथा सञ्चालन पद्धति

५. विद्यालयको प्रकार :- (१) अध्ययनका प्रकृतिका आधारमा विद्यालयको प्रकार देहाय बमोजिम हुनेछन् ।

क. साधारण

१. प्रारम्भिक बाल शिक्षा केन्द्र

२. आधारभूत विद्यालय

३. माध्यमिक विद्यालय

ख. धार्मिक तथा साँस्कृतिक विद्यालय

ग. प्राविधिक तथा व्यावसायिक विद्यालय ।

घ. विशेष शिक्षा र खुला विद्यालय

६. विद्यालय सञ्चालनको पद्धति : (१) विद्यालय संचालनमा देहाय पद्धती हुनेछन् ।

क. सामुदायिक

ख. संस्थागत

ग. शैक्षिक गुठी

घ.सहकारी संस्थाद्धारा सञ्चालित

(२) उपदफा (१) वमोजिमको पद्धतिमा संचालित विद्यालय मध्ये देहाय (ख),(ग) र (घ) को संचालन प्रकृया तोकिए वमोजिम हुनेछ ।

७. शिक्षाको माध्यम : (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालय व्यवस्थापन समितिको निर्णयले नगरपालिकाको स्वीकृति लिई पाठ्यक्रमले निर्धारित गरेका शैक्षिक उपलब्धि हासिल हुने गरी आधारभूत तहका सबै वा केही कक्षाहरु मातृभाषाका माध्यमबाट सञ्चालन गर्न बाधा पुग्ने छैन ।

## परिच्छेद-४
## शिक्षा प्रशासन र व्यवस्थापन

८. नगर शिक्षा समिती : (१) नगरपालिका भित्रको शिक्षा प्रशासन र व्यवस्थापनको लागि नगर शिक्षा समिति गठन गरिनेछ ।

(२) उपदफा (१) वमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन ।

क. नगरपालिकाको प्रमुख — अध्यक्ष

ख. नगरकार्यपालिकाबाट नगर सदस्यहरु मध्येबाट नगरकार्यपालिकाले तोकेको कम्तीमा १ जना महिला सहित २ जना — सदस्य

ग. स्थानीय शिक्षा प्रेमी वा समाजसेवी मध्येबाट नगर शिक्षा समितिले मनोनीत गरेको एक जना दलित र २ जना महिला सहित ३ जना — सदस्य

घ. सामुदायिक विद्यालयको प्रधानाध्यपकहरुमध्ये नगरपालिकाले तोकेको एक महिला सहित २ जना — सदस्य

ङ. गुठी वा परम्परागत धार्मिक विद्यालयका तर्फबाट नगरपालिकाका प्रमुखले तोकेको सदस्य १ जना सदस्य

च. संस्थागत विद्यालयहरुको तर्फबाट नगरपालिकाले मनोनयन गरेको १ जना सदस्य

छ. सामुदायिक विद्यालयको व्यवस्थापन समितिका अध्यक्ष मध्येबाट नगरकार्यपालिकाले मनोनयन गरेको १ जना सदस्य

ज. जिल्ला शिक्षा समितिले नगरक्षेत्रका सामुदायिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मध्येबाट मनोनयन गरी पठाएको एक जना सदस्य

झ. नेपाल शिक्षक महासंघको अध्यक्ष १ जना सदस्य

ञ. नगरपालिकामा शिक्षा हेर्न तोकिएको अधिकृत सदस्य सचिव

(३) पदेन सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल २ बर्षको हुनेछ। मनोनीत सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै वखत हटाउन सक्नेछ। यसरी हटाउदाँ निजलाई सफाईको मौका दिनुपर्नेछ।

(४) शिक्षा समितिले आफनो कर्तव्य तथा उतरदायित्व पूरा गर्न नसकेको खण्डमा कार्यपालिकाले कारण देखाइ विघट्न गर्न सक्नेछ।

(५) शिक्षा समितिको काम, कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-५
## विद्यालय व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

९. विद्यालय व्यवस्थापन समितिको गठन : (१) विद्यालय सञ्चालन गर्न प्रत्येक सामुदायिक विद्यालयमा देहाय बमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछ।

क. विद्यालयका अभिभावक मध्येबाट १ जना महिला सहित ४ जना सदस्य

ख. नगर प्रमुखले तोकेको सम्बन्धित वडाको शिक्षाप्रेमी तथा समाजसेवी मध्ये एकजना सदस्य

ग.सम्बन्धीत वडा समितिले मनोनयन गरेको वडा सदस्य मध्येबाट एक जना सदस्य

घ.सम्बन्धीत विद्यालयका प्रधानाध्यापकले तोकेको सोही विद्यालयको शिक्षक प्रतिनिधि एक जना सदस्य

ङ. विद्यालय शिक्षक अभिभावक संघका अध्यक्ष सदस्य

च. विद्यालय स्तरीय बालक्लवले मनोनयन गरेको एक बालक र एकजना बालिका गरी दुई जना स्थायी आमन्त्रित सदस्य

छ. व्यवस्थापन समितिले मनोनित गरेको सम्बन्धीत वडाको शिक्षाप्रेमी तथा समाजसेवी मध्ये कम्तीमा एक जना महिला सहित २ जना — सदस्य

ज. प्रधानाध्यापक — सदस्यसचिव

२) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड क, ख, र छ बमोजिमका सदस्यहरुमध्ये छानेका सदस्य सो समितिको अध्यक्ष हुनेछ। उक्त बमोजिम अध्यक्ष नतोकिए सम्म जेष्ठ सदस्यले व्यवस्थापन समितिको अध्यक्षता गर्नेछ।

३) विद्यालय व्यवस्थापन समितिको कार्यकाल ३ वर्षको हुनेछ। तर यो ऐन लागू भएको मितिले ६ महिना भित्र यसै ऐन बमोजिम व्यवस्थापन समिति गठन हुनुपर्नेछ।

४) विद्यालय रहेको वडाको निर्वाचित वडाअध्यक्ष वडामा रहेका विद्यालयहरुको संरक्षक रहनेछ।

५) व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजीनामा सम्बन्धित व्यवस्थापन समितिले स्वीकृत गर्नेछ।

१०. संस्थागत विद्यालयको व्यवस्थापन समिति : (१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायकाबमोजिम सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ।

क. विद्यालयको संस्थापक वा लगानीकर्ता वा निजहरुले तोकेको व्यक्ति — अध्यक्ष

ख. अभिभावकहरु मध्ये एकजना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको २ जना — सदस्य

ग. सम्बन्धित वडा सदस्यमध्ये सम्बन्धित वडाअध्यक्षले तोकेको १ जना — सदस्य

घ. सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक — सदस्य

ङ. सम्बन्धित विद्यालयको शिक्षकहरुले आफूहरु मध्ये छानी पठाएको १ जना — सदस्य

च. विद्यालय स्तरीय बालक्लवले मनोनयन गरेको एक बालक र एकजना बालिका गरी २ जना — सदस्य

छ. विद्यालय प्रधानाध्यापक — सदस्य सचिव

(२) पदेन सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल २ वर्षको हुने छ।

(३) संस्थागत विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने छ।

११. शिक्षक अभिभावक संघको गठन : (१) प्रत्येक सामुदायिक विद्यालयमा शिक्षक अभिभावक संघ तोकिए बमोजिम गठन गरिनेछ।

२) शिक्षक अभिभावक संघको काम कर्तव्य, अधिकार तोकिएको बमोजिम हुने छ।

## परिच्छेद-६

## आर्थिक व्यवस्था

१२. नगर शिक्षा कोष :-(१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकास गर्न तथा विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याउन नगर शिक्षा कोष स्थापना गर्न सकिनेछ ।

(२) उपदफ (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् ।

क.सङ्घीय सञ्चित कोषवाट प्राप्त शिक्षा सम्बन्धी अनुदान रकम,

ख. संस्थागत विद्यालयबाट प्राप्त वार्षिक कूल आम्दानीको तोकिए बमोजिमको रकम

ग. चन्दा वा दान दातव्यबाट प्राप्त रकम

घ. शैक्षिक सेवा शुल्कबाट उठेको रकम,

ङ. वैदेशिक सहायता, सहयोग तथा अन्य स्रोतबाट प्राप्त रकम,

च. प्रादेशिक संञ्चित कोषबाट प्राप्त हुने शिक्षा सम्बन्धी अनुदान रकम,

छ. नगरपालिकाको संञ्चित कोषबाट शिक्षा क्षेत्रलाई छुट्याइएको रकम ।

(३) नगरपालिकाले कार्यविधि बनाई उक्त कोषको संचालन तथा व्यवस्थापन गर्नेछ ।

१३. विद्यालय कोष :- (१) विद्यालय संचालनको लागि निम्न अनुसारको रकमहरुबाट संचालन हुने गरि विद्यालय कोषको व्यवस्था हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिम रकम रहनेछ ।

क.नगरपालिका मार्फत नेपाल सरकार, प्रादेशिक सरकारवाट प्राप्त अनुदान रकम,

ख. नगरपालिका शिक्षा कोषबाट प्राप्त रकम

ग.चन्दा वा दान दाताव्यबाट प्राप्त रकम

घ.अन्य स्रोतबाट प्राप्त रकम

१४. शुल्क सम्बन्धी व्यवस्था : सबै बालवालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क प्रदान गर्नका लागि नगरपालिकाले आवश्यक शुल्कको व्यवस्था गर्ने छ ।

१५. तलब तथा भत्ता सम्बन्धी व्यवस्था : (१) सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षक तथा कर्मचारीहरुको तलब, भत्ता, सञ्चयकोष, निवृत्तिभरण तथा अन्य सुविधा नेपाल सरकार वा प्रदेश सरकारबाट तोकेबमोजिम हुनेछ ।

(२) दफा (१) मा लेखिएको कुनै कुराले विद्यालय व्यवस्थापन समितिले विद्यालय विशेष कक्षा संचालन गर्नकालागि सोही निकायले तलबमात्र तोक्न कुनै बाधा हुने छैन ।

१६. अनुदान सम्बन्धी व्यवस्था : सामुदायिक विद्यालय र सार्वजनिक शैक्षिक गुठीलाई देहाय आधारमा अुनदान दिन सकिनेछ ।

(क) विद्यालयमा विद्यार्थीको संख्या,

(ख) विद्यालयको शिक्षक संख्या,

(ग) विद्यालयको परीक्षाको परिणामको आधारमा वा शिक्षाको गुणस्तर,

(घ) विद्यालयको आर्थिक अवस्था,

तर शिक्षा समितिको निर्णयले विशेष क्षेत्रका विद्यार्थी र विद्यालयहरुमा थप अुनदान उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद-७
## सामुदायिक विद्यालयका शिक्षक सम्बन्धी व्यवस्था

१७. शिक्षक दरबन्दी सम्बन्धी : (१) प्रत्येक विद्यालयमा न्यूनतम हरेक कक्षाको कक्षागत शिक्षकको दरबन्दी नगरपालिकाले स्वीकृत गर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृत दरवन्दी मध्येबाट विषयगत शिक्षकको व्यवस्था विद्यालय व्यवस्थापन समितिले मिलाउनेछ ।

१८. शिक्षक नियुक्ति : (१) विद्यालय संचालनका लागि स्थायी र आवश्यकताको आधारमा करार लगायतका शिक्षक रहने छन् ।

(२) करारमा शिक्षक/कर्मचारी नियुक्तिका लागि निम्न अनुसारको नगरस्तरीय पदपूर्ति समिति गठन हुनेछ ।

| | |
|---|---|
| क. नगरपालिकाको प्रमुख वा निजले तोकेको शिक्षा समितिको सदस्य | अध्यक्ष |
| ख. नगरपालिकाको प्रमुखले तोकेको विज्ञ | सदस्य |
| ग. शिक्षा हेर्ने प्रमुख वा निजले तोकेको विद्यालय निरीक्षक | सदस्य |
| घ. सम्बन्धित विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष | सदस्य |
| ङ. सम्बन्धित विद्यालयको प्रधानाध्यापक | सदस्य सचिव |

(३) उपदफा (२) (ख) बमोजिमको सदस्यको पदावधि नगर प्रमुखले तोके बमोजिम हुनेछ ।

(४) करारका शिक्षक तथा कर्मचारीको नियुक्ति पदपूर्ति समितिको सिफारिसमा सम्बन्धीत विद्यालयको प्रधानाध्यापकले गर्नेछ ।

(५) करार शिक्षकलाई बिदा लगायत सेवा सुविधाका सर्तहरु तोकिएको बमोजिम हुने छ ।

(६) शैक्षिक गुठी, संस्थागत र सहकारी विद्यालय लाई तोकिए बमोजिम शैक्षिक योग्यता र न्यूनतम तलब, अन्य सेवाका सर्त र सुविधा विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार हुने छ ।

१९. शिक्षक/कर्मचारी सेवाबाट हटाउने सकिने : (१) शिक्षक तथा कर्मचारीले देहाय वमोजिमको कार्य गरेमा सेवाबाट हटाउन सकिनेछ ।

क. तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरी कार्य सम्पादन सन्तोषजनक नरहेमा,

ख. बिनासूचना, लगातार १५ दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

ग. विद्यालय समयमा मादक पदार्थ/लागु पदार्थ सेवन गरी आएको प्रमाणित भएमा,

घ. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

ङ. सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा कुनै अन्य व्यावसायिक क्रियाकलाप गरेमा,

च. संस्थागत विद्यालय, कोचिङ्ग इन्स्टिच्युट, शैक्षिक परामर्स सेवा जस्ता व्यवसाय चलाएमा वा लगानी गरेमा ।

छ. शिक्षक वा कर्मचारी राजनीतिक दलको सदस्य रहेको वा विद्यालय समयमा कुनै दलको प्रचार प्रसार संलग्न भएको पाइएमा ।

ज. तोकिएको बमोजिमको आचार संहिता पालना नगरेमा ।

(२) उपदफा (१) मा लेखिएको कुराले हटाउन लागिएका कुनै शिक्षक कर्मचारीलाई हटाउनु पूर्व स्पस्टीकरण वा सफाई पेश गर्ने मौकाबाट वन्चित गरिने छैन । तर पटक पटक सोही गल्ती दोहोराएमा स्पष्टीकरण वा सफाईको मौका दिइने छैन ।

२०. शिक्षकलाई अन्य काममा खटाउने सम्बन्धमा : पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी र प्राकृतिक प्रकोप उद्धार वा तोकिएको बाहेक शिक्षकलाई अन्य कुनै काममा लान वा लगाउन हुदैन ।

## परिच्छेद-८

## परिक्षा

२१.माध्यामिक तहको परीक्षा सञ्चालन :-(१) परिक्षा संचालन तथा समन्वयका लागि देहायको एक परीक्षा संचालन तथा समन्वय समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्य रहनेछन् ।

क. नगर शिक्षा समितिको अध्यक्ष — अध्यक्ष

ख. प्रमुख प्रशासकीय अधिकृत सदस्य
ग. जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि सदस्य
घ. सम्बन्धीत क्षेत्रमा रहेको प्रहरी कार्यालयको प्रमुख सदस्य
ङ. शिक्षा हेर्ने अधिकृत सदस्य सचिव

(३) परीक्षा संचालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

२२. आधारभूत तहको परिक्षा संचालन : (१) आधारभूत तहको परीक्षा संचालन, व्यवस्थापन, नियमन र समन्वय गर्न देहाय बमोजिमको एक परीक्षा समिति गठन गरिने छ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्य रहने छन्।

क. प्रमुख प्रशासकीय अधिकृत अध्यक्ष
ख. सामुदायिक विद्यालयका प्रधानाध्यापक मध्ये २ जना सदस्य
ग. संस्थागत विद्यालयबाट २ जना सदस्य
घ. आधारभूत तह (कक्षा १-८ सम्म) संचालन भएका विद्यालयबाट १ जना सदस्य
ङ. शिक्षा हेर्ने अधिकृत सदस्य सचिव

(३) उपदफा (१) ख,ग र घ बमोजिमको समितिको सदस्यको पदावधि बढीमा १ वर्षको हुनेछ।

(४) परिक्षा संचालन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गर्नेछ।

(५) परीक्षा संचालन सम्बन्धी अन्य विधि र प्रक्रिया तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-९

## विविध

२३.सम्पत्ति व्यवस्थापन : सामुदायिक विद्यायलको चल अचल सम्पत्तिको संरक्षण,व्यवस्थापन र उपभोग तोकिए बमोजिम हुनेछ।

२४.शिक्षक कर्मचारी व्यवस्थापन :- शिक्षक तथा कर्मचारीको समायोजन, सरुवा र दरबन्दी मिलान लगायतको व्यवस्था तोकिए बमोजिम हुनेछ।

२५. शिक्षक कर्मचारीको सेवा सुविधाहरु :- शिक्षकहरुको विदा तथा सेवाका सर्तहरु तोकिए बमोजिम हुनेछ।

२६. शिक्षक तथा विधार्थीले पालना गर्नुपर्ने आचार संहिता तोकिए बमोजिम हुनेछ।

२७. प्रधानाध्यापक नियुक्ति :- विद्यालयको प्रधानाध्यापक नियुक्ति योग्यता, क्षमता, वरिष्ठताको आधारमा तोकिए बमोजिम हुनेछ।

२८. पेशागत संगठन : (१) टेड युनियन अधिकार अन्तर्गत शिक्षकहरुको पेशागत संगठन बन्न सक्ने छ। यसरी बनेको संगठन गैरराजनीतिक हुनेछ।

२९. सामाजिक परिक्षण : विद्यालयको सामाजिक परिक्षण सम्बन्धमा तोकिए बमोजिम हुनेछ।

३०. ऐनको कार्यान्वयन : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउनेछ ।

(२) यस ऐनको उद्देश्य कार्यान्वयनको लागि गर्न नगरपालिकाले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(३) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै वाधा अड्काउ परेमा नगरपालिकाले त्यस्तो वाधा अड्काउ हटाउन आदेश जारी गर्ने छ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिने छ ।

(४) उक्त आदेश त्यस पछि बस्ने नगरसभाबाट अनुमोदन गर्नुपर्नेछ । अनुमोदन हुन नसके स्वत खारेज हुनेछ ।

३१. खारेजी र बचाउ : यस ऐनमा प्रष्ट नभएका तथा उल्लेख नभएका कुरा संघीय तथा प्रदेश कानुन बमोजिम हुने छ र नेपालको संविधान, संघीय तथा प्रदेश कानुनसँग यस ऐनका कुनै कुरा बाझिन गएमा बाझिएको हद सम्म बदर हुने छ ।